# आर्थिक वर्ष २०८२/०८३ को

# वार्षिक नीति तथा कार्यक्रम

राजपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजपुर, रौतहट
मधेश प्रदेश, नेपाल

२०८२ असार ०१ गते

# राजपुर नगरपालिकाका नगर प्रमुख डा.मो. राजीक आलमबाट नवौं नगर सभामा प्रस्तुत भएका नीति, कार्यक्रम तथा बजेट मन्तव्य २०८२

**नगरसभा उपाध्यक्ष ज्यू,**
**वडा अध्यक्षज्युहरु, नगर कार्यपालिकाका सदस्य ज्यूहरु, वडा सदस्य ज्युहरु, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, धार्मिक सम्प्रदायका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु, नागरिक समाजका प्रतिनिधि ज्यूहरु, उद्योगी, व्यवसायी, किसान, मजदुर, कर्मचारी तथा शिक्षक शिक्षिका महानुभाव ज्यूहरु, सुरक्षा निकायका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु, संचारकर्मी मित्र ज्यूहरु तथा उपस्थित सबै अग्रज सज्जनवृन्द ज्यूहरुलाई राजपुर नगरपालिकाको नवौं नगर सभामा हार्दिक स्वागत गर्दछु ।**

राजपुर नगरपालिका नगर सभाको यस गरिमामय बैठकमा राजपुर नगरपालिकाको प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । सम्वत् २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको तिन वर्ष पुरा भएको छ । यस अवधिमा नगरको विकास, सुव्यवस्थापन र सुशासन कायम गर्ने दिशामा निकै दुर्गामी र महत्वपूर्ण प्रभाव पर्ने कार्यहरुको थालनी गरिएको छ । यस कार्यमा नगरवासी तथा सरोकारवाला निकायहरुबाट भएको सहयोग, सहकार्य र समन्वयको लागि राजपुर नगरपालिका धन्यवाद ज्ञापन गर्दछ ।

राजपुर नगरपालिकाको नवौं तथा म आफ्नो कार्यकालको चौथो नगर सभालाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित भएको छु ।

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, मधेश आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवम् ज्ञात अज्ञात शहिदहरुलाई सम्मान गर्दै रौतहट जिल्लाको राजपुर नगरपालिकाको दोस्रो कार्यकालको चौथो एतिहासिक नवौं नगरसभामा सहभागि सम्पुर्ण महानुभाव ज्यूहरुलाई हार्दिक स्वागत गर्दछु ।

नेपालको संविधान २०७२ अनुसार संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ती सुशासन, विकाश, समृद्धीको अकांक्षा पुरा गर्न दोश्रो पटक स्थानीय तहको निर्वाचन सम्पन्न भई संविधान र प्रचलित कानुनको अधिकार सम्पन्न रुपमा प्रस्तुत भएको स्थानीय सरकारको तर्फबाट चौथो पटक यस सार्वभौम नगर सभामा सबै वडा र विभिन्न क्षेत्रबाट प्राप्त सुझाव सल्लाह र मेरो आफ्नो व्यक्तिगत सोच र समझदारीका आधारमा आव २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउंदा गौरवको अनुभुती गरीरहेको छु ।

साविक ५ वटै गाविसहरु पिपरा भगवानपुर, फतुहा महेशपुर, राजपुर फरहदवा, अकोलवा र बैरिया मिलेर बनेको राजपुर नगरपालिकाको तीब्र विकास र समृद्धिको कार्यदिशा अघि बढाउन तथा यहाँ सबै नागरिकको सुखी जीवन यापनको लागी हामीलाई यो महत्वपुर्ण जिम्मेवारी र कार्यभार सुम्पीने सबै अग्रज नगरवासी दाजु भाई, दिदी बहिनीहरु, समस्त शुभेच्छुक र सरोकार पक्षहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**यस नगरपालिकाको सोचः** समुन्नत भौतिक, सामाजिक पुर्वाधार सहित सांस्कृतिक रुपमा मौलिक, उत्कृष्ट "हाम्रो नगरपालिका राम्रो नगरपालिका" बनाउने ।
**उद्देश्य :** आन्तरिक आय पहिचान तथा आन्तरिक आय बृद्धि गर्दै न्यायोजित वितरण सहित भौतिक, आर्थिक, सामाजिक विकास लगायतका क्रियाकलाप मार्फत समृद्ध नगरपालिका बनाउनु ।
आर्थिक वर्ष २०८२/०८३ मा राजपुर नगरपालिकाले आवलम्बन गर्ने विषयगत क्षेत्रका रणनीतिहरु संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

१. **आर्थिक विकास तर्फ :**

- आन्तरिक उत्पादन अभिवृद्धि गर्नका लागि अनुदानमा आधारित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- राजपुर नगरपालिकामा रहेका विभिन्न नदीनाला तथा पोखरीको संरक्षण एवं सौन्दर्यीकरण गरिनेछ ।
- राजपुर न.पा. वडा नं.१ अन्तर्गत रहेको पोखरीको सौन्दर्यकरण छिटो भन्दा छिटो सम्पन्न गरिनेछ । त्यस्तै राजपुर न.पा. वडा नं.२ मा रहेको घोडदौल आँट र पोखरीको सौन्दर्यकरण र पिकनिक स्पोर्ट छिट्टै नै बनाउने तर्फ जोड दिईनेछ ।
- पर्यटकिय स्थलहरुको पहिचान र भौतिक पूर्वाधारको विकास गरी आन्तरिक तथा बाहय पर्यटकहरुलाई आकर्षित गरिनेछ ।
- घर जग्गा तथा पोखरी बहाल करको अभिलेखनको कार्य सँगसँगै आगामी तीन आर्थिक वर्ष भित्रमा कम्तीमा १,६०० करदातालाई करको दायरामा ल्याई कर संकलन गरिने छ ।
- आगामी आ व २०८२/०८३ भित्र नगर क्षेत्र भित्र रहेका सम्पूर्ण अटो रिक्सा, ई-रिक्सा, टाँगा इट्टा भठ्ठा लगायतका उद्योग व्यवसायी आदिलाई करको दायरामा ल्याई आन्तरिक आय संकलन गरिनेछ।
- आन्तरिक आम्दानी हुने स्थानीय हाट बजार, सार्वजनिक पोखरी, पानीघाट जस्ता स्थानमा प्रतिस्पर्धाका माध्यामले बढाबढ प्रकृयाद्धारा आम्दानी बढाइनेछ ।
- नगर क्षेत्रमा संचालित विभिन्न होटल, व्यापार व्यवसायहरुको अभिलेख राखी व्यवसायको सुरक्षामा प्रत्याभूति दिइने छ । उद्योगहरुको अभिलेख राखी राजस्वमा समेत बृद्धि गरिनेछ ।
- करदाता उत्प्रेरणा अन्तर्गत सबै भन्दा बढी कर बुझाउने प्रत्येक वार्डका करदातालाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पर्यटन तथा संस्कृति विकासका लागि पिकनिक स्पर्ट, पार्क व्यवस्थापन, मस्जीद, मठ, मन्दिरहरु, पुरातात्विक वस्तुहरुको खोज तथा व्यवस्थापनमा सहयोग गरिनेछ ।
- निजामती सेवा तर्फ स्थानीय स्तरको ध्यानाकर्षण गर्न निःशुल्क लोकसेवा आयोगको विभिन्न पदको तयारी कक्षा संचालन गरिनेछ ।
- नगरपालिकामा औद्योगिक तथा पर्यटकिय क्षेत्रमा लगानी गर्न चाहने व्यक्ति तथा फर्मलाई आवश्यक प्रोत्साहन दिने नीति ल्याइनेछ ।
- कलकारखाना तथा साना उद्योग तथा इट्टा भठ्ठा जस्ता विभिन्न उद्योगहरुको संचालनमा प्रोत्साहन, प्रवर्द्धनमा जोड दिई औद्योगिक विकास गरी यस राजपुर नगरपालिकालाई आर्थिक रुपमा सम्बृद्ध बनाउनुका साथै बेरोजगार यूवाहरुलाई रोजगारीका अवसर प्रदान गरिनेछ ।
- राजस्व परिचालनको दायरा फराकिलो बनाई विस्तार गरिनेछ ।
- प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र/गुनासो पेटीका राखी तोकिए अनुसारका सेवामा नियमानुसार लाग्ने दस्तुर संकलन गरी आम्दानीको स्रोत बढाइने छ । यसका लागि नगरपालिकाले आवश्यक पहल गरी उचित बन्दोबस्त मिलाउने छ ।
- यस नगरपालिकामा आय र व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ ।
- यस नगरपालिकाबाट हुने सबै भुक्तानीहरु बैंकिंग प्रणाली द्वार ई-पेमेन्ट लागु गरिने छ ।

२. **कृषि तर्फ :**

- यस राजपुर नगरपलिका अन्तर्गत कृषि विद्युतीकरण कार्यलाई निरन्तरता दिईनेछ ।
- सुचिकृत भएका कृषकहरुलाई कृषि मिटरमा विशेष छुटको व्यवस्था मिलाइनेछ ।
- आधुनिकीकरण कृषि सम्बन्धि कार्यमा विशेष जोड दिईनेछ ।
- स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणका लागि नीति तथा कार्यक्रम बनाई संस्थागत व्यवस्थापन गर्न बजारको व्यवस्थापन गरिने छ ।
- राजपुर नगरपालिका र हेलवीटासको साझेदारीमा बगर खेती लाई निरन्तरता दिई थप आर्गेनिक खेति गर्नको लागि आवश्यक पहल गरिनेछ ।

- कृषकहरुको लागि बोरिङ्ग, स्प्रे टंकी, कृषि मिटर र उन्नत जातको विउको व्यवस्था गरिनेछ ।
- कृषिको आधुनिकिकरण, व्यवसायीकरण र कृषि उपजहरुको बजारीकरणमा योगदान पुर्याउन कृषि तथा नगदेवाली जन्य उद्योग तथा व्यवसायहरुलाई प्राथमिकता दिईनेछ ।
- कृषी तथा पशु सेवा केन्द्रमा माँग अनुसारको सेवा र प्रविधि उपलब्ध गराईने छ ।
- दुध डेरी पसल तथा संकलन केन्द्रहरुलाई समय सापेक्ष अनुसारको व्यवस्थित दुध डेरी संकलन केन्द्र स्थापनाको लागि पहल गरिनेछ ।
- नेपाल सरकारको नीति अनुसार स्थानीय जातको पशुलाई कृतिम गर्भधान विधिवाट नसल सुधार गरिनेछ ।
- कृषि कार्यमा थप टेवा पुर्याउन नगरपालिका भरिमा डिप टयूबेल (स्टेट बोरीङ्ग) तथा व्यवस्थित कृषि विद्युतिकरणको थालनी गरिनेछ ।
- उन्नत जातका फलफुल जस्तै लिचि बगान, युवा व्यवसायिक तालिम, व्यवसायिक तरकारी खेती, मसला बालीको खेती, केरा खेती गर्न कृषक समूहलाई प्रोत्साहन गरिनेछ ।
- कृषि सिचाईको व्यवस्था मिलाईनेछ ।
- कृषकहरुको लागि कृषि विद्युत महशुल फ्रि गरिनेछ ।
- नव निर्मित कृषि भवनबाट नै सेवा प्रवाह गरिनेछ ।

**३. पशु तर्फ :**

- पशु पालकहरुको लागि हिउँदे, वर्षे, बहुवर्षे घाँस वितरण गर्नको लागि आवश्यक पहल गरिनेछ ।
- पशुपन्छी उपचारका लागि औषधी खरिद गरिनेछ ।
- नगरस्तरीय पशु पालन, बाख्रा पालन व्यवसायकि सम्बन्धि विभिन्न कार्यक्रम संचालन गर्नुका साथै पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- नशल सुधार, पशु बिमा लगायत पशु खोप संचालनको लागि आवश्यक कदमी थालनी गरिनेछ ।
- पशुपालन व्यवसायलाई थप व्यवस्थित बनाउन आवश्यक गृहकार्य गरिनेछ । जस अनुसार बिमा, नश्ल सुधार जस्ता क्षेत्रलाई प्राथमिकता दिइनेछ । दुध डेरीको स्थापना जस्ता क्षेत्रलाई समेत प्राथमिकता दिइनेछ ।
- नव निर्मित पशु भवनाट नै पशु सम्बन्धि सेवा प्रवाह गरिनेछ ।

**४. स्वास्थ्य तर्फ :**

- हाल संचालनमा रहेका २ थान एम्बुलेन्सलाई अझ प्रभावकारी बनाई थप १ थान एम्बुलेन्स खरिद गरि नगरपालिकाबाट संचालन गर्ने व्यवस्था मिलाईने छ ।
- यस नगरपालिका वडा नं. ३ मा १५ सैया राजपुर अस्पतालका भवन निर्माण कार्य अन्तिम चरणमा रहेकोले २०८२ कार्तिक मसान्तसम्ममा निर्माण कार्य सम्पन्न गराई आस्पताल संचालनमा लयाईनेछ ।
- प्रदेश जनस्वास्थ्य प्रयोगशाला र राजपुर न.पा.को सहकार्यमा संचालित जनस्वास्थ्य प्रयोगशालालाई व्यवस्थित बनाउनको लागि बजेटको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंम सेविकाहरुको कार्यदक्षताको आधारमा पुरुस्कृत/ प्रोत्साहन गरिनेछ । साथै निजहरुको कार्यलाई मध्यनजर गरी मासिक रु.५००।- थप सेवा सुबिधा थप गरिनेछ ।
- यस नगरपालिका अन्तर्गतका गर्भवती महिलाहरुको लागि निःशुल्क अल्ट्रासाउण्डलाई निरन्तरता दिईनेछ ।
- "बिरामीसँग मेयर कार्यक्रम" संचालनलाई निरन्तरता दिईनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्रबाट दिदै आएको स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउनको लागि जनमानसमा कैम्प शिविर संचालन गरी विमितको संख्यामा बृद्धि गरिनेछ ।
- प्रत्येक वडाको फोहोरमैला व्यवस्थापन तथा उठाउनको लागि इलेक्ट्रिक मिनि गाडी ५ वटा खरिद गरिनेछ ।

- नगरभित्र रहेको सार्वजनिक जग्गा (पार्क, मठ मन्दिर, मस्जिद) मा शारीरिक व्यामको लागि सामाग्री खरिद गरि जडान गर्नेछ ।
- प्रत्येक स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्र, राजपुर अस्पताल तथा वडा कार्यालयमा सन्देशमुलक सहितको डिजिटल बोर्ड जडान गरिनेछ ।
- नगरभित्र सरसफाईलाई विशेष ग्राहयस्ता दिदै प्रत्येक वडा लगायत सार्वजनिक स्थलहरुमा फोहोरामैला व्यवस्थापनको लागि थप डस्टबिन वितरण तथा स्टैण्ड सहित जडान गरिनेछ ।
- रेबिज रोगको प्रचार प्रसार कार्यको लागि यस नगरपालिकामा रहेको मा.वि/उच्च मा.वि रेबिज रोग सम्बन्धी जनचेतनाको लागि विद्यालयहरुमा प्रशारण कार्य गरीनेछ ।
- नसर्ने रोगको बढदो प्रकोपलाई कम गर्न "नगर प्रमुख जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम" ७० वर्ष माथिका नागरिकका लागि संचालन गरिनेछ ।
- राजपुर जागरण अभियान अन्तर्गत स्वास्थ्य जीवन हाम्रो जीवनको लागि नागरिक शिक्षा, अभिभावक शिक्षाको साथै योग शिविर संचालनमा जोड दिईनेछ ।
- स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित, सुदृढिकरणका लागि आधुनिकरण प्रणालीबाट गर्न गराउनका लागि आवश्यक सामाग्री खरिद गरिनेछ ।
- स्वस्थ्यकर एवम् किटाणु रहित मासु उपलब्ध गराइने पसलेलाई आवश्यक प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ ।
- राजपुर नगरपालिका भित्रका नागरिकहरुले नगरपालिकाभित्रका प्रसुती सेवा केन्द्रहरुबाट लिने प्रसुती सेवाको लागि नगरपालिकाबाट निःशुल्क एम्बुलेन्स सेवा उपलब्धतालाई निरन्तरता दिईनेछ ।
- पूर्ण संस्थागत सुत्केरी पालिका बनाउनको आवश्यक कदमी थालनी गरिनेछ ।
- हाल संचालित Birthing Centre लाई थप व्यवस्थित गरी अरु वडामा पनि Birthing Centre विस्तार गरिनेछ । साथै प्रत्येक वडामा न्यूनतम मापदण्ड सहितको स्वास्थ्य सेवालाई व्यवस्थापन गरिनेछ ।
- सम्पूर्ण गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै प्रसुति गराउने व्यवस्था मिलाइनेछ ।
- भरपर्दो स्वास्थ्य सेवा प्राप्त गर्ने जनताको अधिकार सुनिश्चित गर्न स्वास्थ्य चौकिहरुको संस्थागत सुधार गरिनेछ ।
- निर्माण कार्य सम्पन्न भएका अधारभुत स्वास्थ्य केन्द्र ४ नं. वडा कार्यालयको भवनलाई उदघाटन गरी छिटो भन्दा छिटो कार्यालय संचालनको लागी पहल गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुबाट विद्युतीय प्रणालीहरुद्वारा प्रतिवेदन गर्नु पर्ने भएकोले सबै ९ वटै स्वास्थ्य संस्थाहरुमा आधुनिकरण प्रविधिको व्यवस्थापन गरिनेछ ।
- प्रचलित कानुन तथा मापदण्ड बमोजिम विपन्न/असहाय विरामीले पाउने निःशुल्क तथा विशिष्ट सहुलियत सहितको स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवाको लागि नगरपालिका क्षेत्रभित्रका अन्य निजी समेतका अस्पतालहरुसँग समन्वय/सहकार्य गरिनेछ ।
- यस नगरपालिका अन्तर्गत निःशुल्क स्वास्थ्य शिविरको माध्यमबाट आम जनतालाई सेवा प्रदान गरिने जस्ता शिविर संचालनमा निरन्तरता दिईनेछ ।
- राजपुर अस्पताल संचालन गर्न गराउनका लागी आवस्यक समाग्री लगाएत उपकरण व्यवस्थापन, खरिद गर्न र वडा नं. १ देखी वडा नं. ९ सम्ममा संचालित स्वास्थ्य संस्थाहरुलाई थप व्यवस्थित तथा आधुनिकरण बनाउनको लागि बजेट बिविनयोजन गरीनेछ ।
- यस नगरपालिका अन्तर्गत यू एन एफ पी ए रीया कार्यक्रम आ.व.२०८२/०८३ का लागि प्रस्तावीत कार्यक्रम गर्न पेश हुन आएका प्रस्तावीत योजना संचालनमा व्यवस्थापन मिलाईनेछ ।

**५. शिक्षा तर्फ :**

- प्रत्येक सामुदायिक विद्यालयमा आधुनिक तरिकाद्धारा पठन पाठन गर्न गराउनको लागि विद्यालयमा स्मार्ट बोर्ड जडान गरिनेछ ।

- माध्यमिक विद्यालयहरुमा छात्रवासको भवन निर्माण तथा पुस्तकालयको व्यवस्था गरिनेछ ।
- "विद्यार्थीसँग मेयर कार्यक्रम" लाई निरन्तरता दिइनेछ ।
- यस नगरपालिका अन्तर्गत निरक्षरहरुको विवरण (डाटा) संकलन गरी साक्षर कक्षा संचालन गरी साक्षर नगरपालिका घोषणा गर्न पहलकदमी गरिनेछ । साथै यसका लागि आवश्यक बजेट विनियोजन गरी संघीय र प्रदेश सरकार सँग समन्वय गरिनेछ ।
- मा.वि.तह कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको लागि SEE परीक्षाको तयारीका लागि निःशुल्क कक्षा संचालन गरिनेछ ।
- यस नगरपालिका अन्तर्गत संचालित इच्छुक सामुदायिक विद्यालयले अँग्रेजी माध्यमबाट कक्षा संचालन गर्न चाहेमा आवश्यक सहयोग गरिनेछ ।
- शिक्षा क्षेत्रमा विद्यमान समस्याहरु समाधानार्थ नगरपालिकाद्धारा स्वीकृत शिक्षा ऐन तथा नियमावली आवश्यकता अनुसार परिमार्जन गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- प्रत्येक वडामा कम्तिमा एउटा विद्यालयलाई Smart विद्यालयको रुपमा स्थापना गरिनेछ ।
- यस नगरपालिका भित्र संचालित सम्पुर्ण विद्यालयहरुमा न्यूनतम आधारभूत पूर्वाधारको व्यवस्था गरी प्रत्येक विद्यालयको सम्पतिलाई संरक्षण गर्ने तथा न्यूनत्तम शैक्षिक अवस्था व्यवस्थापन गर्ने कार्य गरिनेछ ।
- शिक्षकहरुले चौमासिक रुपमा तलब प्राप्त गर्ने प्रत्येक विद्यालयका शिक्षकहरुलाई अन्य कर्मचारीहरु सरह मासिक रुपमा तलब प्राप्त गर्ने गरी व्यवस्था मिलाईने छ ।
- यस राजपुर नगरपालिकाको शैक्षिक अवस्थामा बढोत्तरी ल्याउन प्रत्येक वर्ष "नगर प्रमुख शैक्षिक प्रतियोगितात्मक" कार्यक्रम संचलान गरिनेछ ।
- प्रत्येक सामूदायिक विद्यालयलाई पूर्वाधार मैत्री बनाउनको लागि आवश्यकता अनुसार जग्गा खरिद तथा भौतिक संरचना निर्माण कार्यलाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ ।
- माध्यमिक र आधारभूत विद्यालयहरुलाई प्रविधि मैत्री बनाउने कम्प्यूटर र इन्टरनेट जडान कार्य गरिदै लगिनेछ ।
- विद्यालय बाहिर रहेका उमेरका नगरवासीहरुलाई किशोरी शिक्षा, अनौपचारिक कक्षा जस्ता कक्षा संचालनका लागि थप कार्यक्रमका लागि निरन्तरा दिइनेछ ।
- माध्यमिक विद्यालयहरुबाट शुरुवात गर्दै Electronic तथा General पुस्तकालयको व्यवस्थापन गरिनेछ तथा यसलाई क्रमशः आधारभूत विद्यालयमा समेत पुस्तकालय व्यवस्थापन कार्यलाई निरन्तरता दिईनेछ ।
- आधारभूत तहको अन्तिम परीक्षा तथा SEE र माध्यमिक तहको अन्तिम परीक्षामा उत्कृष्ट छात्र/छात्रालाई पुरस्कार सहित प्रोत्साहन गरिनेछ ।
- सक्षम प्राथमिक विद्यालयलाई आधारभूत तथा आधारभूत विद्यालयलाई माध्यमिक विद्यालयमा स्तरोन्नति गरिदै लगिनेछ ।
- प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन सरकारी तथा गैह्रसरकारी निकायहरु मार्फत प्रोत्साहित गरी साक्षरता अभियानलाई निरन्तरता दिइने छ ।
- राष्ट्रिय साक्षरता अभियानलाई उपलब्धिमूलक बनाउन शिक्षा क्षेत्रमा क्रियाशील गै.स.स.हरुसँग समन्वय र सहकार्य गर्दै अनुगमन, मूल्याङ्कन पद्धतिलाई व्यवस्थित बनाईनेछ ।
- विद्यालय परिसर भित्र अध्ययनरत विद्यार्थीहरुलाई सहजताको लागि बेन्च र डेस्क, पंखा, खेल सामाग्री आदि उपलब्ध गराउदै लगिनेछ ।
- बालविकास देखि कक्षा ५ सम्मका बालवालिकाहरुलाई प्रदान गरिदै आएको दिवा खाजा कार्यक्रमलाई नेपाल सरकारको नीति अनुरूप नै कक्षा ६ सम्म प्रभावकारी रूपमा कार्यान्वयन गरिने निरन्तरा दिईने छ ।

- विद्यालय बाहिर रहेको बालबालिका तथा किशोरीहरुलाई अनौपचारिक शिक्षाको माध्यमबाट विद्यालय प्रवेश गराइनेछ ।
- तहगत विषयगत शिक्षकहरु विच अन्तरकृया गराई अनुभवको सटा साट गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- नतिजाको आधारमा विद्यालयहरु बिच प्रतिस्पर्धा गराई कार्यसम्पादनमा उत्कृष्ट विद्यालय र शिक्षक/शिक्षिकालाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।
- शैक्षिक कार्यतालिका अनुसार शिक्षकहरुले नियमित रुपमा अध्यापन गरे नगरेको कुरामा नियमित अनुगमन गरि सो को पृष्ठ पोषणको आधारमा शिक्षकलाई दण्ड तथा पुरस्कारको नीति लिईनेछ भनी शैक्षिक गुणस्तर अभिवृद्धिका लागि हरेक विद्यालयमा नगरपालिकाले विद्यालय व्यवस्थापन संग र विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक संग कार्य सम्पादन करार अनिवार्य गरि लागु गरिनेछ ।
- सामुदायीक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई विद्यालय परिसर र कार्य अवधि भित्र राजनैतिक क्षेत्रबाट मुक्त गर्न छुट्टै आचार संहिता तयार गरि लागु गरिने छ ।
- यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा नेपाल सरकारसंग मान्यता प्राप्त पौष्टिक तत्व युक्त खाजा तथा गुणस्तरीय शिक्षा प्रदानका लागि प्रयोगमा ल्याइने छ ।
- विद्यालय स्तरीय, समुदाय स्तरिय तथा नगर स्तरीय खेलाडी तयार गरि खेलकुद प्रतियोगिताहरु संचालन गरिनेछ ।
- हालसम्म सञ्चालित मा.वि. तथा आधारभूत विद्यालयहरुमा तहगत आवश्यक जनशक्तिको पर्याप्तता नरहेका कारण शिक्षण क्रियाकलापमा भईरहेको कठिनाईलाई न्यूनीकरण गर्न थप तहगत जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- यस नगरपालिका अन्तर्गत वडा नं.३ मा संचालित शेख इद्रिश आधारभूत विद्यालय र खानेपानी भवन निर्माण तथा सुल सेवा विस्तारका लागि सो ठाउँमा रहेका ऐलानी जग्गामा व्यवस्थापन गरिनेछ ।
- मा.बि.बैरिया प्राविधिकधारको विद्यालय संचालन गर्नको लागि आवश्यक प्रक्रिया आवलम्बन गरीनेछ ।
- यस न.पा. अन्तर्गत एउटा छुट्टै प्राविधिकधार विद्यालय संचालन गरिनेछ ।
- यस राजपुर नगरपालिका अन्तर्गतका धर्म भाषालाई अध्ययन गरी स्थानीय पाठयक्रम तयारी गर्नेछ ।

**६. महिला बालबालिका तथा जेष्ठ नागरिक तर्फ :**

- वालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनिकारणका लागि सामाजिक व्यवहार परिवर्तनका लागि लक्षित समूह केन्द्रित डिजाईन प्रक्रियाबाट छनौट भएका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- सभ्य र सुसंस्कृत समाजको लागि २०८५ सालसम्म बाल विवाहमुक्त पालिका घोषणा गरिनेछ ।
- लैंगिक हिंसा, लागु औषध दुर्व्यवहार, मानव बेचबिखन तथा घरेलु हिंसा जस्ता कार्यक्रम संचालन गरि अप्रिय घटना घटन नदिन नीति कार्यान्वयन गरिनेछ ।
- आपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रमलाई निरन्तरा दिईनेछ ।
- यस न.पा. अन्तर्गतका 'क' वर्ग भएका आपाङ्ग वा अति अशक्त आपाङ्गहरुलाई पहिचान गरी ह्वील चेयर वितरण गर्ने पहल गरीनेछ ।
- महिला र दलितहरुको लागि आर्थिक सुधार तथा उन्नतीका लागि नीति तथा कार्यक्रम लागु गरिनेछ ।

**७. सामाजिक विकास तर्फ :**

- यस राजपुर नगरपालिका अन्तर्गत नागरिक आरोग्य सेवा केन्द्र (आयुर्वेद अस्पताल) को भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- प्रत्येक वडामा क्रमश: नागरिक आरोग्य सेवा केन्द्र (आयुर्वेद अस्पताल) स्थापना गरिने नीति ल्याईनेछ ।
- प्रत्येक वडामा महिला स्वयंमसेकिालाई योग तथा जडिबुटिको तालिम दिई योग र जडिबुटिको शिक्षा प्रत्येक घर-घरमा पुर्याइनेछ ।

- युवालाई दुर्व्यसनी, नसालु पदार्थ सेवनको लत हटाउने आयुर्वेदीय जीवनशैली यापन गर्ने तरिका सिकाई नसालु मुक्त युवा अभियान संचालन गरिनेछ।
- यस नगरपालिका अन्तर्गत लैगिंक हिंसा प्रभावित वा जोखिममा परेका महिलाहरुलाई आर्थिक सशक्तिकरणको लागि करिब ६०० जनालाई व्यवसायमा सहयोग गर्ने कार्यक्रम लागु गरिनेछ।
- यस नगरपालिका अन्तर्गतका नगरवासिहरुलाई स्वच्छ खानेपानी पिउनका लागि वडा नं.५ मा रहेका पानी टंकीलाई संचालनमा निरन्तरता दिईनेछ र वडा नं. २ को खानेपानी पाईप लाईन १ नं. वडा समेतमा जडान कार्यलाई छिटो भन्दा छिटो सम्पन्न गरी पानी सप्लाई गरिनेछ।
- खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा खानेपानी स्वच्छता तथा सरसफाई रणनीतिलाई आवलम्बन गरिनेछ । खानेपानीको अभाव भएका सार्वजनिक स्थलहरुमा क्रमशः खानेपानीको व्यवस्था मिलाइने छ।
- टोल विकास संस्था गठन र संचालन सम्बन्धी कानून बनाई तर्जुमा भई सो कानूनको आधारमा ८० प्रतिशत भन्दा बढी घरधुरी टोल विकास संस्थामा आबद्ध गरि कार्यान्वयन गरिने छ।
- टोल विकास संस्था परिचालन गरि बालश्रम, बालविवाह, बहुविवाह, बाईजो, बोक्सी, छाउपडी जस्ता प्रथा नियन्त्रणका लागि नीति तथा कार्यक्रम अनुसार कार्यक्रमहरू संचालन गरिनेछ।
- ऐतिहासिक पुरातात्विक धरोहरको संरक्षण गर्ने उदेश्यले परम्परागत रुपमा निर्मित मठ, मस्जिद तथा मन्दिरहरुको संरक्षण र संबर्द्धन गरिनेछ।
- नगरवासीहरुको पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण योजना कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ।
- यस नगरपालिकाबाट गठन हुने समिति, उपसमिति तथा कार्यदल गठन गर्दा आंशिक रुपमा कानूनले निर्दिष्ट गरेको समानुपातिक समावेशिता कायम गरि निर्णय प्रकियामा सहभागीता गराईनेछ।
- महिला सशक्तिकरण र सामाजिक समावेशीकरणमा जोड दिई महिलाको क्षमता विकासका कार्यक्रमहरु लागु गर्दै लगिनेछ।
- ''नारी पुरुष एक रथका दुई पांग्रा'' को मुलमन्त्र लिई महिला पुरुष समविकास कार्यक्रम संचालनमा जोड दिन थप गतिविधि संचलान गरिने छ।
- "बाल विवाह न्यूनिकरण गर्न तथ्य र तथ्याङ्कमा आधारित सामाजिक व्यवहार परिवर्तनका लागि लक्षित समूह डिजाईन प्रक्रियाबाट आएका क्रियाकलापहरु उच्च प्राथमिकताका साथ कार्यान्वयनमा निरन्तरता दिइनेछ।"
- सामुहिक महिला व्यवसायलाई प्रोत्साहन गर्न व्यवसाय दर्ता गर्दा लाग्ने शुल्कमा ५० प्रतिशत छुट गरिने प्रावधानको समुचित व्यवस्था गरिने छ।
- ''बालबालिका भविष्यको कर्णधार हुन'' भनी नाराका साथ बालवालिकालाई व्यवहारिक ज्ञान, सामुहिक छलफल प्रतिक्रियाको सिपविकास होस् भनी उदेश्यका साथ प्रत्येक वडामा बाल क्लब गठन तथा पालिका स्तरमा बाल संजाल गठन गर्न विशेष पहल गरिनेछ।
- जेष्ठ नागरीकको मनोबल उच्च राख्न जेष्ठ नागरीक सम्मान कार्यक्रम, धार्मिक दर्शन जस्ता कार्यक्रमहरु संचालन गरिने छ।
- घरेलू हिंसा अन्त्यका लागि बहस पैरवी तथा जनचेतनामुलक अभियान कार्यक्रम गरिने छ।
- ''अपाङ्गता कमजोरी होईन शक्ति हो भुक्ने होईन उठने हो'' भने नाराका साथ अपाङ्ग व्यक्तिको क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।
- आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, मुस्लीम, दलित फरक क्षमता भएका व्यक्ति ज्येष्ठ नागरिक अल्पसंख्यक सिमान्तकृत समुदायको यस नगरपालिकाको अभिलेखमा रहेका अनुसार सामाजिक र आर्थिक उत्थान सम्बन्धि कार्यलाई अघि बढाउन आयमुलक र जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- लैगिक समानता तथा सामाजिक समावेशिकरणको अवधारणालाई परिपुर्ति गर्न विभिन्न कार्यक्रमहरु गरिनेछ ।
- मापदण्ड अनुसारको स्वच्छ खानेपानी तथा पूर्ण सरसफाईमा जोड दिइ अगाडि बढनेछ ।
- जनसंख्या व्यवस्थापनका लागि उचित शिक्षा तथा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- सुखी परिवार र समृद्ध परिवारको लक्ष्यलाई परिपूर्ति गर्न आवश्यक कार्यक्रमहरु लागू गरिनेछ ।
- यस नगरपालिका भित्रका सम्पूर्ण परिवारलाई अनिवार्य रूपमा स्वास्थ्य बीमा गर्नको लागि प्रोत्साहन गरिनेछ साथै गरिब तथा विपन्न वर्गको परिवारको स्वास्थ्य बीमाको खर्च नगरपालिकाले व्यहोर्ने व्यवस्था मिलाइनेछ ।
- बालमैत्री तथा अपाङ्ग मैत्री नीति तथा कार्यक्रम कार्यान्वयन भई बालमैत्री स्थानीय शासन पूर्वाधार पुरा गरि वडाहरुलाई बालमैत्री वडा घोषणा गरिने छ ।
- छुवाछुत समाजिक कुरिति, अन्धविश्वास, लैगिक विभेद र हिंसाका घटनाहरु संग सम्बन्धीत उजुरीमा उल्लेख्य रुपमा कमि ल्याई समतामुलक समाजको आधार तयार गरिने छ र सामाजिक विभेद निवारण सम्बन्धी कार्ययोजना बनाई लागु गरिनेछ ।
- सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी नीति तथा कार्यक्रम अनुसार बालबालिका पुर्ण स्थापना केन्द्र, जेष्ठ नगरिक आश्रम केन्द्र, अशक्त स्याहार केन्द्र स्थापनाको लागि पहल गरी सहज पहुँच पुर्याईनेछ ।
- ज्येष्ठ नागरिकको सम्मानका लागि विषेश कार्यक्रम संचालन गरिनेछ । जेष्ठ नागरिकहरुलाई सम्मानपूर्वक जीवन यापनका लागि वास्तविकता पहिचान गर्न घरदैलो शसक्तिकरण कार्यक्रमको थालनी गरिने छ ।
- घरेलु हिंसाको मुल कारण बालविवाह हो भनी सचेतना अभिवृद्धि कार्यक्रम मार्फत पालिकाको प्रत्येक मा.वि.मा मासिक रूपमा कक्षा ८, ९, १० विद्यार्थीहरुलाई एउटा कक्षा संचालन गरिने व्यवस्था मिलाइनेछ ।

**८. पुर्वाधार विकास तर्फ :**

- राजपुर न.पा. अन्तर्गतका मुल सडक र सहायक सडक भएका सम्पूर्ण सडकहरुलाई पिच र पक्कि ढलान गरिनेछ ।
- राजपुर न.पा.मा भवन अभावका कारण कोठा भाडा लिई व्यवस्थापन भएकोमा सेवा ग्राहीहरुलाई छिटो छरितो सेवा दिन तथा कार्यालय व्यवस्थापन गर्न निर्माणधिन भवनको छिटो छरितो निर्माण गरि २०८२ साल श्रावण मसान्त भित्र कार्यालय भवनबाट सेवा सुचारु गरिनेछ ।
- यस न.पा. अन्तर्गत दमार कब्रिस्तान कम्पाण्डवाल, बलुवा कब्रिस्तान कम्पाण्डवाल, भगवानपुरमा मन्दिर निर्माण र ५ नं. वडामा दुर्गा मन्दिर निर्माण कार्य आ.व.२०८२/०८३ मा सम्पन्न हुने गरी बजेट विनियोजन गरिनेछ ।
- नगरपालिका भित्रका प्रत्येक प्रमुख सडकहरुलाई कालोपत्रे सडकको रुपमा स्तरोन्नति गरिनेछ ।
- यस नगरपालिकाको नव निर्मित प्रशासकीय भवनमा कार्यालय संचालन २०८२ श्रावण मसान्त भित्र देखी कार्यालय संचालन गरिईनेछ तथा भवन निर्माण कार्यको भुक्तानी दिनु पर्ने बक्यौता रकमको आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।
- राजपुर नगरपालिकाका मूख्य सडकलाई स्तरोन्नती गरी तथा उक्त सडकमा वृक्षारोपण गरी Green Road बनाउने कार्य गरिनेछ ।
- उज्यालो नगरपालिकाको अवधारणा अनुसार नगरक्षेत्रका प्रत्येक पोलमा बिजुलीबत्तीको मर्मतका साथै थप जडान कार्यलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकाले गत आ.व. हरुमा खरिद गरेका ट्रेक्टर, जे.सि.भि.लाई संचालन खर्च अत्यधिक हुने साधनलाई नगरपालिकाको आन्तरिक श्रोत बढोत्तरी हुने गरी व्यवस्थापन गरिनेछ ।

- अव्यवस्थित विकासलाई दिसामुखी विकासमा परिणत गर्न पाँच वर्षे गुरुयोजना निर्माण गरी भावी विकास कार्यलाई दिगो बनाउने बाटो आवलम्बन गरिनेछ ।
- नगर भित्रका वडा कार्यालयहरुको आफ्नो भवन नभएका वडा कार्यालयको लागि जग्गा तथा भवन निर्माणको प्रक्रियामा अगाडी बढाईनेछ ।
- यस नगरपालिका भित्र निर्माण हुने तथा अन्य सेवा प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला र भाडा तथा महशुल पालिकाबाट स्वीकृत गर्न व्यवस्था नभएसम्म जिल्ला पूर्वाधार कार्यालयले तयार पारेका जिल्ला दररेटलाई यस न.पा. मा लागु हुने गरी न्यून्तम दररेट हुने व्यवस्था गरिनेछ ।
- यस नगरपालिका भित्र सडकको पहुँच नपुगेको स्थानहरूमा सडकको पहुँच पुर्याइनेछ र हाल सञ्चालनमा रहेका सडकहरुको मर्मत तथा स्तरोन्नति, समुचित ढल निकासको नीति आवलम्बन गरिनेछ ।
- उर्जाका वैकल्पिक स्रोतहरुको पहिचान र प्रयोगमा जोड दिइनेछ ।
- नगर भित्रका सम्पूर्ण बाटोघाटो सडकलाई स्तरोन्नती निरन्तर गरिनेछ ।
- भौतिक पूर्वाधार विकासमा सार्वजनिक नीजि साझेदारी नीति तर्जुमा गरि योजनाहरू कार्यान्वयन गरिनेछ ।
- शहरी विकासबाट स्वीकृत योजनाहरु समयमा गुणस्तरयूक्त कार्य गर्न पहल र अनुगमन गरी तोकिएका समयमा कार्य सम्पन्न गराइनेछ ।
- उपभोक्ता समिति मार्फत योजनाहरु संचलान हुदाँ मर्मत सम्भारका लागि ५ प्रतिशत रकम धरौटी स्वरूप कट्टा गरिनेछ । उक्त कार्य एक वर्ष सम्ममा मर्मत सम्भार आवश्यक नपरेमा धरौटी वापतको रकम फिर्ता गरिनेछ । कट्टि गरिएको धरौटी रकम राख्नलाई मर्मत सम्भार कोष स्थापना गरिने छ ।
- नगरभित्रका प्रत्येक वडामा २ कि मि नयाँ सडक निर्माण गरिनेछ । नगरका प्रमुख सडकमा प्रवेशद्वार निर्माण गरिने छ ।
- नगरक्षेत्र भित्रका सुरक्षा निकायहरुको भौतिक पुर्वाधारको समुचित विकास गरिदै लगिनेछ । अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ ।
- स्वीकृत योजनाहरुको क्वालीटि कन्ट्रोल गर्न यस न. पा. मा स्थापना गरिएको इन्जिनियररिंग ल्याबलाई थप व्यवस्थीत गरिदै लगिनेछ । उपभोक्ता समितिका पदाधिकारीहरुलाई थप दक्ष बनाउन अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

**९. वातावरण तथा विपद् व्यवस्थापन तर्फ :**

- यस न.पा. अन्तर्गत डुबानमा पर्ने वडा नं.१, २, ८ र ९ लाई मध्य नजर गर्दै समयमा नै बाँध मर्मत गरिन अप्रिय घटना घट्नबाट बच्नको लागि आवश्यक पहल गरिनेछ ।
- बिपद् जोखिम क्षेत्रको पहिचान र नक्सांकनका आधारमा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।
- स्थानीय कटान तथा भू-क्षय नियन्त्रणको लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- बाढी प्रभावित क्षेत्र लागि आवश्यक सामग्री खरिद गरी आकस्मिक सेवाको समूचित व्यवस्था मिलाइने उपायहरु आवलम्बन गरिनेछ ।
- स्थानीय कटान क्षेत्रमा तटबन्धका लागि तालुक सम्वन्धित निकाय समेतमा समन्वय गरी आवश्यक पहल गरिने छ ।
- सार्वजनिक जग्गाको लगत संकलन गरी त्यस्ता जग्गाहरुलाई खुल्ला क्षेत्र कायम गर्ने र ती क्षेत्रहरुमा भुकम्प, बाढी, पहिरो जस्ता विपद्को अवस्थामा तत्कालका लागि बस्ने व्यवस्था मिलाउन सक्ने तर्फ ध्यान केन्द्रीत गरिनेछ ।
- ढल निकास र Land field site निर्माणको लागी आवश्यक जग्गाको व्यवस्थापन गरिनेछ ।
- धुवाँ रहित नगरपालिका घोषणा गर्नको लागि गैस चुलह र सिलिण्डर वितरण गर्नको लागि आवश्यक प्रक्रिया आवलम्बन गरिनेछ ।

- नगर स्तरीय विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिई प्रभावकारी रुपमा कार्य गरिनेछ ।
- जोखिम सम्बेन्दनशिल भु-उपयोग योजना अनुसार एउटा जग्गा एकिकरण, जग्गा विकास बस्ति बिकास, सम्पदा संरक्षण मध्ये एउटाको योजना बनाई कार्यान्वयनमा ल्याईनेछ ।
- नगर भित्रका प्रत्येक घर धुरीमा एक बिरुवा अनिवार्य रुपमा लगाइने नीति आवलम्बन गरिनेछ ।
- नगर भित्रका सबै मुख्य सडकमा वृक्षारोपण गरिनेछ र त्यसको रेखदेखका लागि हेरालुको व्यवस्था गरिनेछ ।
- दैविक प्रकोप तथा विपद् व्यवस्थापन रोकथामका लागि विशेष जोड दिईनेछ ।
- यस नगरपालिकाका लागि पोखरीहरु, चौतारीहरु र सडक हरियाली क्षेत्र विस्तार गरिने छ ।
- नगर स्तरीय सडक गुरुयोजना कार्यान्वयन पश्चात प्रत्येक वर्ष यस क्षेत्रका दायाँबायाँ सडक किनारामा बृक्षारोपण गर्ने व्यवस्था मिलाउन स्थानीय वासीहरुलाई प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।
- वन तथा भू-संरक्षणका लागि आवश्यक व्यवस्था गरिनेछ, जलाधार क्षेत्रको संरक्षणमा जोड दिइनेछ तथा वातावरणलाई प्रदुषित हुन नदिन आवश्यक व्यवस्था मिलाईनेछ ।
- बजार क्षेत्र र सबै बस्तीहरुमा क्रमश: फोहोरमैला व्यवस्थापनको उचित व्यवस्था मिलाईनेछ ।
- फोहोर मैला व्यवस्थापनको लागि स्पष्ट नीति निर्धारण गरि फोहोर विर्शजन केन्द्र बनाईनेछ । प्रकोपबाट नगरवासीको सुरक्षाको लागि समयमा प्रकोप सूचना प्रवाह तथा प्रकोप क्षेत्रमा समयमै उद्धार तथा राहत कार्यक्रम सञ्चालन गरिनेछ । साथै सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको लागि आवश्यक पहल गरिनेछ ।
- स्थानीय तथा वडास्तरका विपद् जोखिम समितिहरु मार्फत विपद् जोखिमका लागि आपतकालीन उद्दार तथा आपतकालीन तालिम सञ्चालन तथा आवश्यक सामाग्रीहरुको व्यवस्था गरिनेछ ।
- स्थानीय वातावरण ऐन, वातवरणमैत्री नीति तथा कार्यान्वयन भई वातावरण मैत्री स्थानीय शासनका पूर्वाधार पुरा गरि वडाहरुलाई वातावरण मैत्रि वडा घोषणा गरिनेछ ।
- सडकका किनारामा बृक्षारोपण गरी वातावरणीय सन्तुलन कायम गर्ने व्यवस्थाका लागि अभियान चलाइनेछ ।
- सार्वजनिक तथा ऐलानी जग्गाहरुको पहिचान गरी त्यस्ता जग्गामा सार्वजनिक प्रयासमा सम्भव भएसम्म बृक्षारोपण गरी वातावरणीय सन्तुलनका अतिरिक्त त्यस्ता जग्गाको संरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- बातावरण संरक्षणमा टोलविकास संस्था, नागरिक तथा निजि क्षेत्र र गैर सरकारी संस्था सहभागीता रही बातावरण संरक्षण सम्बन्धी योजनाहरु कार्यान्वयन गरिनेछ ।
- श्रोत नक्सा सहितको भुउपयोग योजना, यातायात गुरु योजना, बातावरण व्यवस्थापन योजना, स्थानीय पूर्वाधार विकास योजना, स्थानीय आर्थिक विकास योजना र सामाजिक विकास योजना तयार गरि द्रुतगतिमा सेवा प्रवाह गरिनेछ ।

**१०. वित्तीय व्यवस्थापन र सुशासन तर्फ :**

- विगतमा देखिएका जिन्सी सामानहरुको व्यवस्थापकीय समस्यालाई सुधार गर्न Web based Inventory management system (PAMS) आवलम्बन गरिने नीतिलाई अनिवार्य आवलम्बन गरिनेछ ।
- नगरपालिका अन्तर्गतका सम्पुर्ण वडाहरुमा जडान भएका इन्टरनेट प्रयोग गरी पन्जिकरण, सामाजिक सुरक्षा, दैनिक सिफारिस अनलाइन मार्फत गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- आन्तरिक श्रोतको दायरा फराकिलो पार्दै विकासका कार्यलाई गति प्रदान गर्न प्रचलित कानुनको अधिनमा रही नगर कार्यपालिकाबाट अनुमोदन भई नगरसभाबाट स्विकृती प्राप्त भएको कर, शुल्क, दस्तुर तथा जरिवाना असुल गर्ने कार्य कडाईका साथ लागु गरिदै लगिनेछ ।

- यस नगरपालिकाको सम्पुर्ण अवस्था चित्रण हुने गरी GPS सुविधा सहितको नगरपालिकाको पार्श्वचित्र निर्माण गरिनेछ । सोही पार्श्वचित्र (Profile) अनुसार तथ्य र तथ्यांकमा टेकेर सम्पुर्ण व्यवस्थापकिय कार्यहरु गरिनेछ ।
- प्रत्येक सार्वजनिक निर्माणहरुको अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाइने छ ।
- नगरवासीलाई सेवा सुविधाको जानकारी तथा प्रक्रिया बुझ्नको लागि प्रत्येक हातमा जानकारी पुर्याउनको लागि यस नगरपालिकाको आफ्नो Mobile App लाई समयानुकुल अध्यावधिक गरिनेछ ।
- नगरपालिकाको आर्थिक कारोबारलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप लेखांकन पद्धतिमा राखिनेछ ।
- अन्तिम लेखापरिक्षण र बेरुजु फर्छ्यौटलाई तोकिएको समयमा सम्पन्न गर्ने नीति आवलम्बन गरिदै लगिनेछ ।
- राजपुर नगरपालिकाको समृद्धिको आधार कृषि, शिक्षा, स्वास्थ्य, मानवीय विकास र भौतिक पुर्वाधार नारालाई मूल नाराको रुपमा लिई विकास व्यवस्थापन, दिगो विकास र सुशासनको प्रत्याभूति हुने वातावरणको सृजना गरिदै लगिनेछ ।
- नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि स्वदेशी तथा विदेशी विषय क्षेत्रगत, सेवाकालीन, पुनर्ताजगी तालिम, अध्ययन अवलोकन भ्रमण तथा मनोसामाजिक माध्यमबाट क्षमता अभिवृद्धि गरी संस्थागत कार्यसम्पादन स्तरमा सुधार ल्याइनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाको मापदण्ड निर्धारण गरिनेछ साथै सेवा प्रवाहमा विद्युतीय माध्यमबाट हुने सुचना प्रविधिको प्रयोगमा जोड दिइदै लगिनेछ ।
- वित्तीय अनुशासनलाई कडाईका साथ पालना गरिनेछ । वित्तीय जोखिम न्यूनीकरणको लागि वित्तीय जोखिम न्यूनीकरण गर्ने संस्थाहरुको स्थापनामा गरिनेछ ।
- प्रत्येक चौमासिकमा सार्वजनीक सुनवाई कार्यक्रम गरिनेछ । सेवा प्रवाहलाई सहज बनाउन आवश्यकता अनुसार सबै वडाहरुमा घुम्ती सेवाहरु संचालन गरिनेछ ।
- सेवा केन्द्रका रूपमा सेवा प्रवाह गरिरहेका वडा कार्यालयहरुको काम कारवाहीलाई थप प्रभावकारी र अधिकार सम्पन्न बनाउन थप कर्मचारी, भौतिक पूर्वाधार तथा आवश्यक श्रोत साधनको व्यवस्था मिलाइने छ ।
- यस नगरपालिका अन्तर्गतका सबै वडा कार्यालय, स्वास्थ्य चौकी, सामुदायिक विद्यालय तथा सार्वजनिक निकायमा सूचना अधिकारी अनिवार्य तोक्ने व्यवस्था मिलाईनेछ ।

## ११. रोजगारी सम्बन्धी नीति तथा कार्यक्रम

- यस नगरपालिका भित्र कुनै कारणले बेरोजगार रहेका प्रत्येक वर्ष प्रत्येक वर्गमा कम्तिमा २०/२० जना यूवा बेरोजगालाई आवश्यक सीप सिकाई अत्ति न्यून ब्याजदरमा ऋण उपलब्ध गराई स्वरोजगार हुने अवसर प्रदान गरिनेछ । यसका लागि यूवा तथा साना व्यवसायिक स्वरोजगार कोषसंग समन्वय गरिनेछ ।
- रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममूलक तथा रोजगारमूलक आयोजना मार्फत समुदायको विकास र रोजगारी सँगै सामाजिक संरक्षणको प्रत्याभूति गरिनेछ ।
- नगरभित्र निजी क्षेत्रमा सृजना हुने रोजगारीलाई श्रमशक्तिको माँगसँग आबद्ध गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्केका तथा रोजगारी गुमाएका युवाहरुको उद्यमशीलता विकास गर्न आवश्यक सीप, क्षमता तथा पूँजी उपलब्ध गराउन वित्तीय संस्थाहरुसंग आवश्यक समन्वय गरिनेछ ।
- बजारमा आवश्यक रहेको जनशक्ति पुर्ति हुने गरी रोजगारको खोजीमा रहेका र रोजगार केन्द्रमा नाम दर्ता गर्ने व्यक्तिहरुलाई सिप सिकाउन सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

- यस न.पा.अन्तर्गतका बेरोजगारी समस्या समाधान गर्नको लागि सिप विकास केन्द्रको समन्वयमा सिप विकास सम्बन्धि तालिम कार्यक्रम संचालन गरिनेछ ।
- गरिवी न्यूनिकरण गर्न युवा स्वरोजगार कार्यक्रम अन्तर्गत युवालाई सीपमूलक, आयमुलक तथा व्यवसायिकमुलक तालीम प्रदान गरिनेछ ।
- एक वडा एक नमुना उद्यमशिल कार्यक्रम संचालन गरिनेछ ।
- संघ तथा प्रदेश को रोजगारमूलक कार्यहरुमा अपनत्व कायम गर्दै रोजगारीका थप क्षेत्रहरुको पहिचान तथा विस्तारमा आवश्यक सहयोग र समन्वय गरिनेछ । राजपुर न.पा. भित्र बसोबास गर्ने गरिब तथा विपन्न वर्गहरुको तथ्यांक संकलन गरी अभिलेखिकरण गरिनेछ ।
- प्रधानमंत्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सिप विकास र उधमशिलतासंग सम्बन्धीत कार्यक्रमहरुको प्रभावकारिता अध्ययन गरी एकिकृत रूपमा कार्यान्वयन गरिने छ ।
- यस राजपुर न. पा. को सहकार्यमा खेती योग्य बाझो जमिन पहिचान गरी रोजगार सेवा केन्द्र सुचिकृत बेरोजगारीलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत कृषी र उत्पादन मुल्क क्षेत्रमा रोजगारी प्रदान गरिनेछ ।
- गरिबि निवारणका लागि लघु उधम विकास (मेड मोडेल) कार्यक्रम अन्तर्गत इच्छा र चाहना बमोजिमको १०० जना लाई स-साना उद्योग व्यवसायी संचालन गर्नका लागि नयाँ उधमी सृजना गरिनेछ ।
- नगर क्षेत्र र ग्रामीण क्षेत्रमा कृषि तथा पशुपालन व्यवसाय संचलन गर्ने व्यवसायीहरुको व्यवसाय दर्ता गरी व्यावसायको अभिलेखीकरण गरी आय आर्जनमा वित्तीय क्षेत्रको सहयोग उपलव्ध गराउने व्यवस्था मिलाइने छ ।
- आन्तरिक रोजगारीका अवसरहरु सिर्जना गर्न निजी, सहकारी, गैरसरकारी तथा अन्य सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्यमा जोड दिइनेछ ।
- नगरपालिका अन्तर्गत वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई कार्यालय प्रति जवाफदेही बनाउन र आन्तरिक आम्दानी बृद्धि लगायत नगरपालिकाको अभिलेख व्यवस्थापन गरी सहज रुपले कार्य संचालन गरी शुसासन कायम गर्न स्थायी कर्मचारीहरुलाई शुरु तलब स्केल प्रोत्साहन भतालाई निरन्तरता दिई सबै स्थायी कर्मचारीलाई समाजिक विकास कोषमा आवद्ध गराउन आवश्यक पहल गरिने छ ।
- सक्षम जनशक्तिको विकास तथा आन्तरिक रोजगारीको प्रवर्धन गर्न सूचिकृत बेरोजगारहरुलाई आवश्यक सीपमुलक तथा रोजगारमूलक तालिम सञ्चालन गरिनेछ ।
- शैक्षिक बेरोजगारहरुलाई प्राथमिकतामा राखि स्वरोजगार मूलक कार्यमा संलग्न गराउन प्रोत्साहित गर्ने आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- श्रम सम्बन्धलाई प्राथमिकता राख्दै सार्वजनिक पूर्वाधार विकास निर्माण, कृषि तथा सहकारी, व्यापार व्यवसाय, लघु उद्यम, पर्यटन तथा वित्तीय क्षेत्रबाट थप रोजगारी सिर्जना आवश्यक नीति कार्यान्वयन गरिनेछ ।
- राजपुर नगरपालिकामा उद्यमशिलताको विकास गर्न उद्यम विकास रणनीतिक योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- नगरपालिकास्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई श्रमिकको रुपमा परिचालन गर्ने आवश्यक व्यवस्था गरिनेछ ।
- श्रमको सम्मान राष्ट्रको अभियानमा पारिश्रमिक र सामाजिक संरक्षणसहितको श्रम व्यवस्थापनमा आवश्यक नीति अवलम्बन गरिनेछ ।
- रोजगार सेवा केन्द्रको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आवश्यक बजेट छुट्याईने छ ।

## १२. सूचना प्राविधि सम्बन्धी नीति तथा कार्यक्रम

- कार्यालयको दैनिक तथा नियमित क्रियाकलाप तथा गतिविधिहरुलाई सेवाग्राहीहरु समक्ष छिटो छरितो, प्रभावकारी, मितव्ययी र पारदर्शी रुपमा पुर्याउन आवश्यक प्रविधिहरु तथा Software लाई खरिद गरी सेवा प्रवाहमा नगरपालिकालाई थप व्यवस्थित र प्रविधिमैत्री बनाउँदै लगिनेछ ।
- स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) को राजश्व मोडल (REVENUE Module) अनलाईनबाट आगामी आ.व.२०८२/०८३ मा पनि राजश्व रसिद काट्ने अनिवार्य निरन्तरता गरिनेछ । साथै उक्त राजश्व मोडल प्राणली सम्बन्धित प्रशिक्षण ९ वटै वडाका वडा सचिव र कम्प्युटर अपरेटरलाई प्रशिक्षक दिईनेछ ।
- Internet क्षमता प्रणालीमा थप सुधार गरी निरन्तर दिईनेछ ।
- राजपुर नगरभरीका सार्वजनिक स्थलहरुमा सि.सि.टि.भि.जडान गरी सो को सर्भर कन्ट्रोल ईलाका प्रहरी कार्यालयमा राखिनेछ ।
- नगरपालिकाको सबै वडा कार्यालय, विषयगत शाखाहरु तथा मातहतका अन्य निकायहरुलाई डाटा बेसको माध्यमबाट एउटै Software मा आबद्ध गरिनेछ भने कार्यालयको आवश्यक डाटाहरुलाई ब्याक अप राख्न File server को स्थापना गरिनेछ ।
- सूचना प्रविधिलाई थप प्रभावकारी बनाउन प्रविधि सम्बन्धी विभिन्न प्राविधिमूलक क्षमता विकास तालिमहरु सञ्चालन गरिनेछ ।
- गुनासो दर्ता अभिलेख राखिने छ ।

## १३. खेलकुद सम्बन्धि नीति तथा कार्यक्रम

- खेलकुद क्लव तथा खेलाडी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक वर्ष पालिका कप क्रिकेट खेलको आयोजना गरिनेछ ।
- यस न.पा. अन्तर्गत क्रिकेट ग्राउण्ड (स्टीडियम) खेलमैदान बनाउनको लागि आवश्यक पहल गरिनेछ।
- नगरभित्रका विभिन्न खेलाडिहरुलाई खेलकुद सामाग्री वितरण गरिनेछ ।
- परम्परागत तथा आधुनिक खेलकुदको विकास/प्रवर्धनका लागि सामुदायिक तथा निजी क्षेत्र समेतको सहकार्यमा खेलकुद प्रतियोगिता, व्यवसायिक खेलाडी तथा प्रशिक्षक उत्पादनका लागि प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रमहरू संचालनमा ल्याइनेछ ।

## १४. न्यायिक समिति

- न्यायिक समितिलाई थप क्रियाशिल बनाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।
- प्रत्येक वडाहरुमा सामुदायिक मेलमिलाप केन्द्र सञ्चालनमा ल्याईनेछ ।
- न्यायिक समितिबाट भए गरेका निर्णय तथा मेलमिलाप भएका विवादहरू कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ ।
- न्यायीक समितिको काम कार्यवाही तदारुक्ताका साथ न्यायीक समिति संचालन गर्नका लागि गठन भएको मेलमिलाप समितहरुलाई तालिम तथा अन्य तालिम भ्रमण गरिने छ ।
- गरिब, असहाय तथा पछाडी पारिएका व्यक्तिहरुको लागि निशुल्क कानुनी परामर्श सेवा तथा सहयोग उपलब्ध गराईनेछ ।
- न्यायीक समितिको लागी आवस्यक रकम बिनियोजन गरिईनेछ ।

## १४. शान्ति सुरक्षा

- नगरपालिका भित्रका नगरबासी एवं व्यवसायिहरुको जिउ धनको सुरक्षाको लागि नेपाल प्रहरीको सहयोगमा नगरका महत्वपूर्ण स्थानहरुमा सि.सी. टि.भी. जडान कार्यलाई प्राथमिकता दिई जडान गरिनेछ ।
- आवश्यकता अनुसार नगर प्रहरीको परिचालन गरिनेछ ।

**१५. प्राविधिक तर्फ :**

- यस न.पा. अन्तर्गत कोर कटर मेशिन, ल्याब टेस्ट मेशिन, मेजिरिंग साईकल (दुरी नाप्ने) मशिन खरिद गरि कार्यालयको काम घटाउनुको साथै आन्तरिक आय बृद्धि गर्न गराउनमा समेत मद्दत हुने भएकोले उक्त मेशिन खरिद गर्न आवश्यक बजेट विनियोजन गरि खरिद गरिइनेछ ।

**१६. आगामी आ.व.२०८२/०८३ को आय व्यय विवरण ।**

**स्थानीय तहको नाम : राजपुर नगरपालिका, राजपुर, रौतहट** — **सभामा पेश गरिएको मिति :- २०८२/०३/०१**

| विवरण | आन्तरिक श्रोत | राजस्व बाँडफाँडबाट प्राप्त रकम | बित्तीय अनुदान ( समानिकरण) | ससर्त अनुदान | विशेष अनुदान | समपुरक अनुदान | आन्तारिक ऋण | कुल बजेट | खर्च प्रस्ताव | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | चालु | पुजिगत | |
| संघीय सरकारबाट | 0 | ११४७00000 | ११३९00000 | २६४२00000 | १६४00000 | २८९00000 | 0 | ५३८१00000 | ३0३१00000 | २३५0000000 | |
| प्रदेश सरकारबाट | 0 | ८000000 | ७७७८000 | ८000000 | ३000000 | २000000 | 0 | २८७७८000 | १९000000 | ९७७८000 | |
| आन्तरिक आम्दानी | ८५00000 | 0 | 0 | 0 | 0 | 0 | 0 | ८५00000 | ८५00000 | 0 | |
| जम्मा रकम | ८५00000 | १२२७00000 | १२१६७८000 | २७२२00000 | १९४00000 | ३0९00000 | 0 | ५७५३७८000 | ३३0६00000 | २४४७७८000 | |

अन्त्यमा,

हामीले पर्याप्त समस्याहरूका बीचमा सम्भावना खोज्दै गरेको अवस्था हो । मुलुकले सङ्घीय शासन व्यवस्था अबलम्वन गरे पश्चात् स्थानीय तहमा सम्भावना र अवसर खोज्ने साथै मुलुकको कायाँपलट गर्ने दायीत्व हाम्रो काँधमा रहेको छ । यसका लागि हामीले योजना तर्जुमा गर्दा सेवामूलक, उत्पादनमूलक, रोजगारमूलक, वातावरणमैत्री र रीतिरिवाजको संरक्षण गर्ने खालका कार्यक्रमहरूलाई सन्तुलित ढङ्गले अगाडि बढाउन सकियो भने मुलुकले अगाडि सारेको **समृद्ध नेपाल : सुखी नेपाली**को दीर्घकालीन सोच साकार पारेर देशलाई समृद्ध बनाउन सकिने कुरामा विश्वास व्यक्त गर्न चाहन्छु ।

यस नगरपालिकालाई समृद्ध बनाई जनतालाई सुखी बनाउन सकिन्छ । हामीले यी अवसर उजागर गर्दै नमुना नगरपालिका बनाउन जनताले हामीलाई निर्वाचित गरी पठाउनु भएको छ । जनताको नजरमा हामीले यो अग्नि परीक्षामा उत्तीर्ण हुने छु । यो जङ्घार तर्ने माध्यम भनेको हामीले बनाएको नीति तथा कार्यक्रम र यसलाई सघाउने योजना निर्माण नै हुन । तसर्थ आजको प्रस्तुत नीति तथा कार्यक्रम अनुसार आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम बन्ने र प्रभावकारी कार्यान्वयनमा गम्भीर छलफल र सल्लाह सुझाव प्राप्त हुने नै छ भन्ने पूर्ण विश्वास लिएको छु ।

आजको प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष रुपमा अहोरात्र खटिई सहयोग गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत **श्री बैजु ठाकुर,**ज्यू, लेखा अधिकृत **श्री मनोज राज कर्ण**, अधिकृत **श्री खुर्सैद आलम, हरेन्द्र कुमार साह** र कार्यालयका शाखा प्रमुख कर्मचारी साथीहरूलाई विशेष धन्यवादका साथै आजको यस कार्यक्रममा पाल्नु हुने प्रमुख अतिथि, विशेष अतिथि, लगायत सम्पूर्ण वडाका वडा अध्यक्ष ज्यूहरू, कार्यपालिका सदस्य ज्यूहरू, नगरसभा सदस्य ज्यूहरू तथा राजनीतिक दलका पार्टी प्रतिनिधि, बुद्धिजीवी, समाजसेवी, सञ्चारकर्मी, सुरक्षाकर्मी र देश विदेशमा रहनु भएका यस राजपुर नगरपालिकाबासी आम दाजुभाई, दिदीबहिनीहरू सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दै यो बजेट बक्तव्य यही अन्त्य गर्दछु ।

धन्यवाद

प्रस्तुत कर्ता

डा.मो.राजीक आलम

नगर प्रमुख

राजपुर नगरपालिका रौतहट

२०८२ असार ०१ गते आईतवार